# आर्थिक वर्ष २०७५/७६ को

# नीति तथा कार्यक्रम

सत्यवति गाउँपालिका

गुल्मी

५ नं. प्रदेश, नेपाल

श्रीमान् सभाध्यक्ष महोदय,
गाउँसभाका माननीय सदस्यज्यूहरु,
र उपस्थित महानुभावहरु ।

सर्वप्रथम यस सत्यवति गाउँपालिकाको दोस्रो गाउँसभाको वर्षे अधिवेशनको पहिलो बैठकमा उपस्थित हुनु भएका गाउँसभाका सम्पुर्ण सदस्यज्युहरु लाई हार्दिक स्वागत गर्न चाहन्छु ।

नेपालको इतिहासका विभिन्न कालखण्डमा मुखरित भएका जनताका आवाज वा चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थायुक्त वर्तमान स्वाधीन नेपालको स्थानीय सरकारको रुपमा रहेको यस सत्यवति गाउँपालिकाको गरिमामय दोस्रो गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सुअवसर पाएकोमा व्यक्तिगत रुपमा समेत गौरवान्वित महसुस गरेकी छु । साथै वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

आर्थिक रुपमा सम्बृद्ध गाउँपालिका र सुखी र खुशी जनजिविका निर्माण गर्न आधार श्रृजना गर्ने गरी यस आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम तयार गरेका छौं । र यस वार्षिक नीति तथा कार्यक्रम तयारीका लागि आ आफ्नो क्षेत्रबाट सहयोग गर्नु भएका सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा सहयोगी सुभेच्छुक प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सभाध्यक्ष महोदय,

गुल्मी जिल्लाको दक्षिण भुभागमा अवस्थित ११५।९२ वर्ग कि.मी क्षेत्रफल भई अनेकौं सम्भावनाले युक्त यस सत्यवति गाउँपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसर र साथसाथै चुनौतिहरु पनि विद्यमान नभएका होइनन् तथापि स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको काम कर्तव्य तथा अधिकारको पुर्ण कार्यान्वयनका लागि नेपालको संविधान, ऐन कानून, मन्त्रालयहरु बाट प्राप्त दिग्दर्शन आदिका आधारमा सहभागितामूलक तवरले आयोजना सञ्चालन गर्ने गरी वार्षिक नीति तथा कार्यक्रम तयार गरेका छौं ।

**आदरणीय महानुभावहरु,**

अव, म आगामी आ.व. २०७५/ ७६ का लागि **योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७५/ ७६ को सत्यवति गाउँपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, चौधौं आवधिक योजनाका नीति, रणनीति र प्राथमिकताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा संघीय मामिला तथा सानान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय लगायत विभिन्न मन्त्रालयवाट प्राप्त मार्गदर्शन तथा यस सत्यवति गाउँपालिकाको बस्तुगत आवश्यकतालाई मुख्य आधार बनाइने छ ।

**सत्यवति गाउँपालिकाले आ.व. ०७५/७६ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजना तथा आर्थिक तथा वित्तीय ऐनले लिएका नीति तथा प्राथमिकताहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।
- सत्यवति गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

<u>योजना/ आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु</u>

१) यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु ।

२) उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।

३) आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुऱ्याउने ।

४) छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।

५) पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।

६) स्थानीय स्रोत-साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।

७) प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।

८) परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने।

९) वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने

१०) गाउँपालिकाको राजस्व संकलनमा अभिवृद्धि हुने ।

११) लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

हामीले यस आ.व. ०७५।७६ को बजेट तर्जुमा गर्दा आधार लिइएका र आगामी दिनमा पुरा गर्नेगरी लिइएका नीतिहरु निम्नानुसार रहेका छन् ।

**सत्यवति गाउँपालिकाका समस्टीगत नीतिहरुः**

- हाम्रो विकासको चाहना र जनभावना अनुरुप सत्यवति गाउँपालिका बासी जनताको आर्थिक समृद्धिका लागि हामीहरुले तय गर्ने योजना, आयोजनाहरुको आधारको रुपमा यो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।
- विकास निर्माणमा हुने ढिलासुस्ती र प्रकृयागत झन्झटलाई अन्त्य गर्न नसकेको खण्डमा हामी लक्षमा पुग्न कठीन हुने यथार्थलाई आत्मसाथ गर्दै यस आ.व.देखि गुणस्तरीय विकास निर्माण र द्रुत कार्यसम्पादन मापदण्डको व्यवस्था गर्न दण्ड र पुरस्कारको नीति लिइनेछ ।
- पुर्वाधार विकास, शिक्षा , स्वास्थ र रोजगारमैत्री कार्यक्रम मार्फत जनताको जीवनस्तरमा सुधार गर्ने परिकल्पनाको रुपमा वार्षिक नीति तथा कार्यक्रमको प्रस्ताव गरिएको छ।
- भौगोलिक विकटता र परनिर्भरताको बजार हाम्रो गाउँपालिकाको चुनौति हो । यसलाई मध्यनजर गर्दै एकिकृत बस्ती निर्माण गर्ने तथा एक गाउँ एक उत्पादन कार्यक्रम मार्फत ठूला कृषि र पशु परियोजनाहरुको सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।
- हाम्रो सत्यवति गाउँपालिकाको भौगोलिक विकटता तथा पुर्वाधारको कमीलाई मध्यनजर गर्दै यसलाई समस्याग्रस्त गाउँपालिका होइन सम्भावनायुक्त गाउँपालिका बनाउने लक्ष्यका साथ प्रत्यक्ष जनसहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकतामा राख्दै आर्थिक अनुशासन र पारदर्शिता सहितको **हाम्रो सत्यवति राम्रो सत्यवति** अभियान सञ्चालन गरिनेछ ।
- प्राकृतिक स्रोत साधन र मानव संशाधनलाई अधिकतम उपयोग गर्दै उत्पादन र रोजगारीको क्षेत्रमा प्रवर्धन गर्ने कार्यक्रम ल्याइनेछ ।
- यस गाउँपालिकामा क्रमशः काठका विद्युतीय पोल स्टीलका पोलद्वारा विस्थापित गरिनेछ ।
- गाउँपालिकाको समग्र सम्भावनालाई मध्यनजर गर्दै गाउँपालिका स्तरीय गुरुयोजना, सडक गुरुयोजना तथा पर्यटन गुरुयोजना तयार गरिनेछ ।

- वडास्तरीय भेलावाट प्राप्त आयोजनाहरु, क्रमागत तथा अधुरा योजनाहरु र दुई वा दुईभन्दा वढी वडाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई छनौट गरिने छ ।
- यस गाउँपालिकामा अवस्थित थाप्ले, सत्यवति, बुढी सत्यवति, हिले, हचिङकोट, पुत्ताउने छिरो लगायतका क्षेत्रलाई प्रदेश नं. ५ कै पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि बजेट विनियोजन गरिनेछ ।
- यस सत्यवति गाउँपालिका क्षेत्रमा प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्ने नीति अबलम्बन गर्दै सीसा, प्लास्टिक जस्ता नकुहिने फोहोर पदार्थको उचित व्यवस्थापन गरिनेछ ।
- सत्यवति गाउँपालिकामा **हरित सडक अभियान** सञ्चालन गरिनेछ।

**<u>आर्थिक विकास सम्बन्धी नीतिहरु</u>**

- पशुपालन र कृषिक्षेत्रमा कृयाशील जनशक्तिलाई हौसलाको लागि उत्पादित बस्तुको न्युनतम समर्थन बजार मुल्य तोकी पीडित किसानको लागि क्षतिपुर्तिको व्यवस्था गरिनेछ ।
- उत्पादन कार्यक्रम मार्फत प्रत्येक वर्ष रोजगारी वृद्धि गर्ने कार्यक्रम र आयोजना तय गरिनेछ ।
- कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरी प्रमुख वालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिँचाइ, मल खाद्य, विउ विजनको उपलब्धतामा जोड दिइनेछ साथै पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइनेछ । कृषिलाई व्यावसायिक रुपमा विकास गर्न पर्याप्त स्रोतसाधनको परिचालन गरिनेछ ।
- पशुपालनको विकास र विस्तारका लागि पकेट क्षेत्र बनाइ प्रोत्साहित गरिनेछ ।
- एक घर एक करेसा बारीको अवधारणा मार्फत आगामी वर्षमा यस गाउँपालिकामा तरकारी आयातलाई विस्थापन गर्ने कार्यक्रम ल्याइनेछ ।
- यस गाउँपालिका क्षेत्रमा उत्पादनयोग्य जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।
- पर्यटन विकासका लागि गाउँपलिका क्षेत्र भित्र धार्मिक, ऐतिहासिक, तथा पुरातात्वीक सम्पदाहरुको पहिचान विकास तथा व्यवस्थापनमा जोड दिने नीति अवलंबन गरिनेछ ।
- थाप्ले, सत्यवती, भार्से, हिले, हचिङ्गकोट, थुम्का, लुम्पेकी थानी, हुक्राइ सेती नाग, रुद्रवेणी, भार्से फुर्से थान, जुनियाँ कोट, नर्मदेश्वर, नेटा गुफा, आलमथान, पुत्ताउने छहरा जस्ता पर्यटकीय सम्भावना बोकेका स्थानहरुको प्रचारप्रसार र विकासमा जोड दिइनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय संभावना बोकेका ग्रामीण इलाकामा होम स्टे संचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- यस गाउँपालिकाका कृषक व्यापारी व्यवसायीमा व्यावसायिकता अभिवृद्धि गर्न हाटबजार सञ्चालन गरिनेछ ।

## भौतिक पुर्वाधार सम्बन्धी नीतिहरु

- यस सत्यवति गाउँपालिकाका सम्पुर्ण वडाहरुलाई मध्यनजर गर्दै सडक यातायातलाई मुख्य प्राथमिकता राखी निकट भविष्यमा सबै नागरिकलाई सडक यातायातको पहुचमा पुर्याउने नीति लिइने छ ।
- जलश्रोत सिचाइ र विद्युतको लागि परियोजना संचालन गर्ने सम्भावना अध्ययन कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा सडक र भवन निर्माणको न्यूनतम मापदण्ड लागु गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका प्रमुख सडकहरुलाई बाटो हेरालु र मर्मत कोषतर्फको बजेटमार्फत यसै वर्षदेखि नै बाह्रै महिना चल्ने व्यवस्था मिलाइने छ ।
- रुद्रवेणीमा पर्यटकीय ताल निर्माण तथा रुद्रावति नदीमा फिसिङ रिसोर्टको क्रमशः संभाव्यता अध्ययन गरिनेछ।

## सामाजिक विकास सम्बन्धी नीतिहरु

- गाउँपालिका भित्रका विद्यालयहरुलाई आवश्यकताको आधारमा शैक्षिक सामाग्री उपलव्ध गराई गुणस्तरीय शिक्षाको जग वसाईनेछ ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेविकाले पुर्याएको योगदानको कदर गर्दै निजहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- स्थानीय भाषा संरक्षण सम्बर्धन गर्ने नीति लिइने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवद्धन गर्न महिला, बालबालिका, दलित, आदिवासी जनजाति, युवा, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण र मूलप्रवाहीकरण गर्न आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू सरोकारवाला निकायसंगको साझेदारी र सहकार्यमा संचालन गरिनेछ ।
- लक्षित समुदायलाई योजना प्रक्रियामा अर्थपूर्ण सहभागी गराउनुका साथै उनीहरुको क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुँच अभिबृद्धि एवं शसक्तीकरण कार्यक्रमलाई वढावा दिईनेछ ।
- प्रत्येक वडामा १/१ वटा विद्यालय नमूना विद्यालयको रुपमा अगाडि बढाउने गरी नीति लिइनेछ।
- एक घर एक धारा मार्फत यस वर्ष केही वडामा व्यवस्थित खानेपानीको प्रवन्ध गरिनेछ ।
- साथै प्रत्येक घरधुरीलाई स्वस्थ र स्वच्छ खानेपानी पुर्याउने लक्ष्य लिइने छ ।

- शिक्षा तथा स्वास्थ्य क्षेत्रमा संचालित कार्यक्रमहरुको प्रभावकारी अनुगमन गरिनेछ ।
- समाजमा पछि परेका वर्ग र समुदायलाई व्यावसायिकता तर्फ उन्मुख बनाउन शीपमुलक तालीम प्रदान गरी आय आर्जनमा वृद्धि गरी आत्मनिर्भर बनाउने नीति लिईनेछ ।
- भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने नीति लिईनेछ ।
- वृद्ध भत्ता लगायतका सामाजिक सुरक्षाका कार्यक्रमलाई सहज र सरल तरिकाबाट वितरण गरिने व्यवस्था मिलाइने छ ।
- क्रमश अंग्रेजी माध्यममा आधारभुत शिक्षाको व्यवस्था मिलाइनेछ ।
- विद्यालयको शिक्षा सुधार र सोही अनुरुपको अनुदान प्रणालीको सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको शैक्षिक स्तर माथि उकास्न यस क्षेत्रभित्र रहेका शैक्षिक संस्थाहरुको भौतिक पुर्वाधारहरुको निर्माणमा जोड दिइनेछ ।
- प्राविधिक शिक्षालयको स्थापनामा जोड दिने नीति अवलंम्बन गरिनेछ ।
- शैक्षिक संस्थालाई निरन्तर रुपमा बाधा अड्चन आउन नदिइने र कुनै पनि बहानामा शैक्षिक संस्था बन्द गर्न पाइने छैन ।
- उत्कृष्ट विद्यालय र शिक्षकहरुलाई प्रोत्साहन गरिनेछ भने राम्रोसँग काम नगर्ने शिक्षकहरुलाई नियमानुसार कारबाहीको दायरामा ल्याइनेछ ।
- अनाथ, गरिब, जेहेन्दार र प्रतिभाशाली विद्यार्थीलाई शिक्षामा पहुँच विस्तार गरिनेछ ।
- स्वास्थ्य सेवा पाउनबाट बन्चित नागरिकका लागि स्वास्थ्यमा सरल र सुलभ पहुँच हुने किसिमका कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ ।
- स्वास्थ्य संस्थाहरुमा निशुल्क उपलब्ध हुने औषधीहरुको अभाव हुन दिइने छैन । आपतकालिन स्वास्थ्य कोषको व्यवस्था गरी विपन्न वर्गहरुलाई स्वास्थ्यको पहुँच भित्र ल्याइनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- यस गाउँपालिकामा व्याप्त रहेको पाठेघर तथा निसन्तान सम्बन्धी समस्या निराकरणका लागि शिविर सञ्चालन गरिनेछ ।
- मदिराको अव्यवस्थित नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम ल्याइनेछ ।
- खेलकुद विकासका लागि खेलकुद सामाग्री, खेलमैदान, तथा खेलकुद पुर्वाधार विकास तथा निर्माणको कार्यलाई प्राथमिकता दिई प्रत्येक वडामा एक-एक वटा खेलमैदान निर्माण गर्ने नीति लिइनेछ ।
- गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको आयोजना गरिनेछ ।
- परम्परागत चाडपर्व, कला संस्कृतीको विकास, संरक्षण र संबद्धन गरी आन्तरिक पर्यटन प्रवर्धनमा बढावा दिइनेछ ।

- गाउँपालिका क्षेत्रलाई प्लास्टिक धुँवामुक्त क्षेत्र बनाइनेछ ।
- विद्यार्थी संख्या र गुणस्तरको आधारमा विद्यालयलाई प्रोत्साहित गरिनेछ ।

**<u>वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति</u>**

- प्राकृतिक एवम् मानवीय संकट र प्रकोपबाट पुर्वसुरक्षा, व्यवस्थापन र क्षतिपुर्तिलाई वैज्ञानिक बनाइनेछ।
- भूक्षयग्रस्त क्षेत्रहरुलाई बायो इन्जिनियरिङ्ग, विभिन्न ग्रामिण प्रविधिहरुका माध्यमबाट रोकथामका उपाय अवलम्बन गरिनेछ ।
- बडिगाड (रुद्रावति) खोलाबाट प्रभावित वस्ती लगायतका अन्य वस्तीहरुलाई लक्षित गरी जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- वातावरण तथा जलवायुमैत्री पुर्वाधारको विकासमा जोड दिइनेछ । वनक्षेत्रको वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्वपुर्ण वनस्पति तथा जडिबुटीको संरक्षण र विकासको नीति लिइनेछ ।
- वन तथा वन्य जन्तुलाई संरक्षण गर्ने कार्यमा आवश्यक पहल गर्नुका साथै सडकको दाँया बाँया वृक्षारोपण गरि हरीयाली कायम गर्ने तथा वातावरण तथा जलवायु अनुकुलन हुने गरि विकासका कृयाकलाप सञ्चालन गरिनेछ ।
- सामुदायिक तथा सम्पुर्ण वन तथा वन पैदावारको रेखदेख, संरक्षण र सदुपयोगमा विशेष ध्यान दिइनेछ ।।

**<u>संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन सम्बन्धी नीति</u>**

- सेवा प्रवाहलाई सबै वडामा सुचना तथा प्रविधिमा आवद्ध गरी छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन सुचना प्रविधिको उपयोग गरिनेछ ।
- पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीमा आवद्ध गरिनेछ।
- गाउपालिकाको पार्श्वचित्र, श्रोत नक्सा र विकास गतिविधि समेटिएको डिजिटल पार्श्वचित्र निर्माण गरी गाउँपालिकाको वास्तविक दर्पण जानकारी गराईनेछ ।
- पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासमा जोड दिईनेछ । सोको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भष्ट्राचारमुक्त र जनउत्तरदायी बनाइनेछ । र भष्ट्राचारप्रति शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।
- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालनविना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव नभएकाले राजस्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गरिने छ ।
- प्राकृतिक स्रोतको उपयोग र निकासीमा चुहावट हुन नदिने नीति अवबम्बन गरिनेछ ।
- आत्म निर्भर गाउँपालिकाको सोच अनुरुप वढी भन्दा वढी आन्तरिक राजस्व परिचालन गर्न नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिईनेछ ।
- कर्मचारीको मनोवल उच्च पार्ने किसिमका कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ ।
- कर्मचारीहरुको कार्यसंपादन मुल्याङ्कन तथा योगदानमा आधारित प्रोत्साहन प्रणालीको नीतिलाई निरन्तरता दिइनेछ ।
- गरिबी र बेरोजगारी समस्या समाधानका लागि कृषि र पशुपालन, लघु उद्योगहरुलाई सामुहिकिकरण, व्यवसायीकरण र आधुनीकिकरण गर्नका लागि आवश्यक कदम चालिने छ ।
- गैरसरकारी संस्थाहरुले सत्यवती गाउँपालिका भित्र कुनै पनि कार्यक्रम संचालन गर्दा अनिवार्य इजाजत लिने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेटलाई सहयोग पुग्ने गैरसरकारी संस्थाका कार्यक्रमलाई मात्र इजाजत दिइने छ ।
- सेवाको वरीपरी जनता होइन की जनताको वरीपरी  सेवा भन्ने सेवा प्रवाहको मुल मन्त्रलाई आत्मसात गरी घुम्ती टोली र शिविर मार्फत टोलटोलमा समेत पुगी सेवा प्रवाह गरिनेछ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परिक्षणलाई परिणाममुखी बनाइनेछ ।